REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 04.02.2025

CM –SKM Foundation Day

मुख्यमन्त्री प्रेमसिंह तामाङले भन्नुभएको छ राज्यमा सबै धर्म जात जाति र समुदायका मानिसहरूमा कुनै भेदभाव गरिएको छैन र प्रत्येक समुदायले राज्य सरकारको सहयोगमा आ-आफ्ना चाड़ वर्व मनाइरहेछन्।

उहाँ आज रिनाक निर्वाचन क्षेत्रको पाचेखानी मोर्चा एसकेएम पार्टीको तैह्रौं स्थापना दिवस समारोहलाई सम्बोधन गर्दैहुनुहुन्थ्यो।

श्री तामङले रिनाक समष्टि लगायत समग्र सिक्किमलाई नै देशको नमूना र विकसित राज्य बनाउने घोषणा गर्नुभयो।

रिनाक क्षेत्रमा आयोध्या मोडलमा राम मन्दिर निर्माण गरिने कुरो बताउँदै मुख्यमन्त्रीले भन्नुभयो आँउदो बजट सत्रमा यसका लागि बजट छुट्याइनेछ। यसो गर्नाले सिक्किमलाई धार्मिक पर्यटनसित जोड़नमा पनि सहयोग हुनेछ।

राज्यका अविकसित क्षेत्रहरूलाई अघि बढाउने सरकारको योजना रहेको जानकारी दिँदै उहाँले भन्नुभयो पाकिममा नयाँ टाउनशीप बनाउने सम्बन्धमा विचार गरिनेछ।

मुख्यमन्त्रीले प्रतिज्ञा गर्नु भए अनुसार सरकारद्वारा हालै नियुक्त गरिएका कर्मचारीहरूको सेवालाई चार वर्षपछि नियमित गरिनेछ।

श्री तामाङले भन्नुभयो कार्यालय सहायक काडर तयार पारिनेछ जसद्वारा कर्मचारीहरूलाई नियमित र पदोन्नति गर्न सकिनेछ।

उहाँले आमा योजना, बहिनी योजना, वात्सल्य योजना, चिकित्सा सहायता, अध्ययन, MBBS सीट आरक्षण जस्ता सरकारका विभिन्न योजना तथा कार्यक्रमहरूबारे प्रकाश पार्नुभयो र भन्नुभयो २०१९ सालको चुनाउका दिइएका वचनहरू पूरा गरिएका छन् र रहल प्रतिज्ञा पनि पूरा गरिनेछ।

मुख्यमन्त्रीले भन्नुभयो एसकेएम पार्टीको सरकारले विविधतामा एकतामाथि विश्वास गर्छ र प्रत्येक समुदायलाई सकेसम्म सहयोग गरिरहनेछ।

उहाँले भन्नुभयो स्थापना दिवस समारोह विगतका उपलब्धीहरूको प्रतिबिम्ब मात्र नभएर बलियो अनि समृद्ध सिक्किमका लागि एकजुट भएर काम गर्ने आह्वान हो।

पूर्व मन्त्री तथा मुख्यमन्त्रका सल्लाहकार विष्णु कुमार खतिवड़ा र पाकिम जिल्ला उपाध्यक्ष श्रीमती प्रभा प्रधान छेत्रीले पनि समारोहलाई सम्बोधन गर्नुभयो।

राज्यका अन्य समष्टिहरूमा पनि आज पार्टीको स्थापना दिवस धुमधामले मनाइयो। स्मरण रहोस् २०१३ सालमा आजकै दिन श्री प्रेमसिंह तामङको नेतृत्वमा सिक्किम क्रान्तिकारी मोर्चा पार्टीको गठन गरिएको थियो।

## BJP

प्रदेश भारतीय जनता पार्टीले प्रधानमन्त्री नरेन्द्र मोदी र केन्द्रीय पर्यावरण मन्त्री भूपेन्द्र यादवलाई पत्र पठाएर विवादास्पद टिस्टा पनबिजुली परियोजनाको तेस्रो चरणलाई दिइएको मञ्जूरीको तत्काल पुनर्मूल्याङ्कन गर्ने आग्रह गरेको छ।

प्रदेश भारतीय जनता पार्टीका अध्यक्ष डी. आर थापाले पत्रमा वैज्ञानिक पुनर्मूल्याङ्कनको कमी र परियोजनासित सम्बन्धित सम्भावित पर्यावरणीय जोखिमहरूमाथि चिन्ता व्यक्त गर्नुभएको छ।

पार्टीले तीन प्रमुख मांगहरू प्रस्तुत गरेको छ- यीमध्ये सबै लम्बित वैज्ञानिक अध्ययन पूरा नभएसम्म परियोजना स्थगित गर्ने, सम्भावित अत्यधिक बाढीको संशोधित मूल्याङ्कन र निष्कर्षहरूको स्वतन्त्र सत्यापन सामेल छन्।

पार्टीले परियोजनाको पर्यावरणीय प्रभावको ताजा आंकलन गर्ने मांग गरेको छ।

## Accident

पश्चिम सिक्किमसिथ्त वर्मेकबाट गेजिङ गइरहेको एउटा वाहन आज साँझ पाँच बजेर तीस मिनटमा दुर्घटनाग्रस्त हुँदा वाहन चालक र एकजना यात्रीको घटनास्थलमै मृत्यु भयो।

वाहनमा सवार छ जना मध्ये अन्य घाइते व्यक्तिहरूलाई गेजिङ अस्पतालमा भर्ना गरिएको छ।

## Assembly

राज्य विधानसभाको अधिवेशन भोलि बस्ने भएको छ।

सिक्किम विधानसभा सचिवालयद्वारा जारी अधिसूचना अनुसार यो बिहान एघार बजीदेखि शुरू हुनेछ।

## Speaker meets Governor

यसैबीच राज्यविधानसभा अध्यक्ष श्री मिङ्मा नर्बु शेर्पाले आज राजभवनमा राज्यपाल श्री ओमप्रकाश माथुरसित भेट गर्नुभयो।

उहाँसित विधानसभाका सचिव ललित कुमार गुरूङ र प्रधान निदेशक के.टी जी भुटिया पनि जानुभएको थियो।

विधानसभामा अध्यक्षले राज्यपाललाई भोलि आयोजित हुन अधिवेशनमा अभिभाषणका लागि निमन्त्रण दिनुभयो।

यस अवसरमा श्री माथुरलाई सदनको बैठकको कार्यसूचीबारे पनि जानकार दिइयो।

## Indian Army

भारतीय सेनाको त्रिशक्ति कोरले आज राज्यमा फायर अभ्यास सफलतापूर्वक संचालन गर्यो।

यसमा युद्धको तयारी द्रुत तैनाती र सठीक स्ट्राइक क्षमताको उत्कृष्ट प्रदर्शन गरियो।

सेनाको यस इकाइले समन्वित फायर सक्ति र उपयुक्त संलग्नताद्वारा विभिन्न चुनौतीहरूको सामना गर्न सक्ने तयारी गरिरहेछ।

## World Cancer Day

आज विश्व क्यान्सर दिवस हो।

क्यान्सर रोगबारे जागरूकता बढाउने र यसको रोकथाम, पत्तो लगाउने र उपचारलाई प्रोत्साहित गर्नका लागि चार फरवरीमा यो दिवस मनाइन्छ।

यो वर्ष यसको विषय छ 'युनाइटेड बाइ यूनिक'।

नयाँ दिल्ली स्थित अखिल भारतीय आयुर्विज्ञान संस्थान, AIIMS को अन्कोलोजी विभागका प्रोफेसर डा. एम.डी रे ले आकाशवाणी समाचारसितको विशेष बातचीतमा क्यान्सरलाई निको हुने रोग बताउनुभयो। उहाँले भन्नुभयो मानिसहरूले आफ्नो स्वास्थ्यको नियमित रूपमा जाँच गराइरहनुपर्छ र क्यान्सरबाट जोगिनका लागि सावधानीका उपायहरू अप्नाउनुपर्छ।

## Weather

राज्यमा पछिल्ला दुई दिन आकाश धुम्मिएर जाड़ोको प्रकोप बढ़े तापनि आज घाम लागेका हुँदा मानिसहरूले राहत अनुभव गरे।

स्थानीय मौसम विज्ञान विभागले भोलि अधिकतम तापमानमा वृद्धिको पूर्वानुमान गरेको छ जो पन्ध्र डिग्री सेल्सियस रहनेछ भने न्यूनतम तापमान सात डिग्री सेल्सियस हुनेछ।